# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा

**प्रदेश न. २, नेपाल**

**(उध्योग तथा व्यवसाय प्रवर्धन उप-शाखा)**

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/१२/२९

विपन्न महिलाहरुको जीवनस्तरमा बढोत्तरी ल्याउन, स्थानीय श्रोत साधन समेतको समुचित प्रयोग गर्दै उध्यमशीलता विकासको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तीकरण गर्न, आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तीकरण र महिलाद्वारा स्थापित संस्थाको क्षमता अभिबृद्धि गर्ने प्रयोजनको लागि आ.व. २०७७/०७८ मा संचालन हुने राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक संस्था तथा सहकारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन अनुरोध छ।

<u>प्रस्ताव पेश गर्ने संस्थाको योग्यताः</u>

- प्रचलित कानून बमोजिम दर्ता र नवीकरण भएको,
- प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सो को प्रतिवेदन तयार भएको,
- प्रचलित कानून बमोजिम अयोग्य नरहेको।

<u>प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातः</u>

- संस्थाको विधान, परिचय, उद्देश्य, कार्य संचालन प्रकृया, भौतिक तथा वित्तिय श्रोत सम्बन्धी विवरण
- प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
- प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
- अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,
- कालोसूचीमा नपरेकोर प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्व-घोषणा
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ।

१२।२९

प्रमुख प्रशासकीय अधिकृत